# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ४ ] काठमाडौं फाल्गुन २१ गते २०११ साल [ अतिरिक्ताङ्क

भाग १

## श्री ५ युवराजाधिराजबाट रेडियो नेपालद्वारा प्रसारित गराइ-बक्सेको न्यायालय सम्बन्धित

# शाही घोषणा

आगे प्यारा देशवासीहरूके यथोचित,

प्रधान न्यायालयको अख्तियारबाई लिएर बराबर भ्रमात्मक कुराहरू प्रचार भएकोले त्यसको भ्रम निवारणका लागि १५ दिनभित्र प्रबन्ध गर्नेछु भन्ने हामीबाट फाल्गुन ७ गते रेडियोद्वारा घोषणा गरिबक्सेको हो ।

सो सम्बन्धमा नेपाल प्रधान न्यायालय ऐन दोस्रो संशोधन २०१० सालबाई लिएर विभिन्न तर्क वितर्कसाथ जनताको नागरिक अधिकार पनि हनन भएका छ भन्ने भ्रम फैलिएको देखिनाले श्री ५ महाराजाधिराज बुबाज्यूका शाही इच्छानुसार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

शाही विशेषाधिकार प्रयोग गरी यसलाई फेरि हामीबाट संशोधन गरी देहायबमोजिम ऐन तोकी जारी गरिबक्सेका छौं ।

१. नेपाल प्रधान न्यायालय ऐन, दोस्रा संशोधन २०१० दफा २ को मूल ऐनका दफा २ का वाक्यको प्रारम्भमा 'दफा ४२ मा लेखिएका कुराहरूको अधीन रही' भन्ने शब्दहरू छापिएका दफा ४२ कायम रहनेछ ।

२. ऐ. संशोधन २०१० दफा ३ का प्रधान न्यायालय ऐन २००८ साल-को दफा ४ मा प्रधान न्यायालयको अंग्रेजी हरफमा भएको मूल लालमोहरबमोजिम आदेश फैसलाहरू ( Court of Record ) ( अन्तिम निर्णय ) भन्ने गरी अरू बाँकी ४ दफाका सबै साबिक भएबमोजिम कायम रहनेछ.

३. ऐ. संशोधन २०१० दफाका मूल ऐनको दफा ३० फेरि साबिक भए-बमोजिम कायम रहनेछ ।

अन्तरीम शासन विधानका मूल सिद्धान्तमा रहेका नागरिक हकसम्बन्धमा र प्रचलित ऐन कानून विरुद्ध काम गरेमा सरकारउपर मुद्दा चलाउने अधिकार बारेमा पनि देशलाई सुहाउँदो आवश्यकतानुसार नयाँ ऐन जारी गर्ने प्रबन्ध गरिबक्सने भएका छौं ।

देशका सबै सरकारी जंगी निजामती पदाधिकारीहरू र सर्वसाधारण नागरिकले पनि आफ्नो अधिकारको दुरुपयोग गर्नेछैन भन्ने हामीबाट आशा र विश्वास राखिबक्सेका छौं । तदनुसार देशलाई मिल्दो समय र अवस्था हेरी जनताको हितलाई ध्यानमा राखी आवश्यक परेमा न्यायालय सम्बन्धी अरु तहको पनि प्रबन्ध गरिनेछ । जय नेपाल !

आज्ञाले—
तिलकशमशेर थापा,
सेक्रेटरी- कानून विभाग.

गोरखापत्र छापाखानामा मुद्रित । सरदार विष्णुध्वज जोशी

२०६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।